संखुवासभा तमू समाज सेवा समिति, काठमाडौंको मुखपत्र

# अरुण सुसेली

www.sankhuwasabhatamusamaj.org.np

वर्ष २४ अंक २३ पौष, २०८१




- समाज घर निर्माणको सपना, संकल्प र सहयात्रा
- शिक्षा अनि नीति ?
- नेपालको पर्यटन क्षेत्रमा सम्भावना
- आफ्नो पुर्ख्यौली थलो सिक्लेस पुग्दाको अविष्मरणीय क्षण
- संस्थाको प्रगति प्रतिवेदन



MINGMA SHERPA

CHAIRMAN of SST &
14 Peak Summiteer

SEVEN SUMMIT TREKS

SEVEN SUMMIT TREKS PVT. LTD.
Kapan, Kathmandu, Nepal | G.P.O. Box: 13522

Email:
INFO@SEVENSUMMITTREKS.COM

Visit Us:
WWW.SEVENSUMMITTREKS.COM

# A COMPANY SPECIALIZED IN MOUNTAINEERING

12+ years of excellence service in himalayas.

## TIME FRAME

8000m. Mountain Expedition

**8,000**

More than 8000 individual have scaled 8000 meters mountain in the Himalayas.

Peak Climbing

**7,000**

Starting from the beginner to the professional Climber more than 7000 individual have scaled peak.

Trekking

**50,000**

More than 50,000 people have done trekking with us in the Himalayas of Nepal.

# शुभकामना

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं।



## हिमाल ज्वेलर्स प्रा.लि.

चाबहिल ७, काठमाडौं , फोन नं. ०१-४५६६३३३, ४५६१२२२

मोबाइल नं. ९८६०८६०१३२, E–mail: himal-Jwellers@yahoo.com

**गंगाराम गुरुङ**
कार्यकारी निर्देशक





## TRIRATNA KHADA LUNGDA HOUSE

## त्रिरत्न खादा लुङ्दा हाउस

बौद्ध-६, काठमाडौं

Ph: 9849421944, 9861806064

Email: coolgrg@gmail.com

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



**रामचन्द्र गुरुङ, मिश्रा गुरुङ तथा अनिल गुरुङ**

खाँदबारी नगरपालिका–५, माल्टा, हाल : युके

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



**गणेश कुमार गुरुङ तथा खड्गमाया गुरुङ**

खाँदबारी नगरपालिका–३, चिसापानी, हाल : धुम्बाराही

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं।



**लिला गुरुङ तथा शिला गुरुङ**

चिचिला गाउँपालिका–१, पोखरीगाउँ, हाल : अमेरिका



# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं।



**रमेश गुरुङ तथा बिर्सिका गुरुङ**

खाँदबारी नगरपालिका–४, सेकाहा, हाल : हात्तीवन

## शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



**चन्द्रबहादुर गुरुङ तथा दुर्गीमाया गुरुङ**

खाँदबारी नगरपालिका–४, सेकाहा, हाल : का.म.न.पा.–३१, बानेश्वर

## शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



**मकरध्वज गुरुङ, गीता गुरुङ, सचिना गुरुङ तथा शिवानी गुरुङ**

चागाथली, हाल : युके

## शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौ ।



**धर्मराज गुरुङ तथा इन्द्रकुमारी गुरुङ**

चिचिला गाउँपालिका–५, माङ्माया, हाल : इमाडोल


## शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौ ।




**पुर्ण कुमार गुरुङ तथा मनमाया गुरुङ**

चिचिला गाउँपालिका–५, माङ्माया, हाल : बालुवाखानी

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



**तुलाराम गुरुङ तथा टिकामाया गुरुङ**

खाँदबारी नगरपालिका–१०, हेलुवा, हाल : युके

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछु ।



**किशोर कुमार गुरुङ**, प्रोपाईटर : हिमालय भेनियर उद्योग प्रा.लि.

खाँदबारी ०४ , नेपाली कांग्रेस जिल्ला कमिटि सह–सचिब संखुवासभा

वर्तमान हाल हाउन्स्लो युके +४४७५७८२८९४५७

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



दुर्गीमाया गुरुङ
अध्यक्ष



सी आई नारायण कुमार गुरुङ
वरिष्ठ उपाध्यक्ष



गंगा गुरुङ
उपाध्यक्ष



भीम गुरुङ
महासचिव



ईन्द्र बहादुर गुरुङ
सचिव



पंखा माया गुरुङ
कोषाध्यक्ष



प्रविण (मच्छिन्द्र) गुरुङ
सह–कोषाध्यक्ष



डम्बर बहादुर गुरुङ
सदस्य



उमेश गुरुङ
सदस्य



अविनाशचन्द्र गुरुङ
सदस्य



सजिन रिल्दी घले गुरुङ
सदस्य



कृष्ण कुमारी गुरुङ
सदस्य



हरि माया गुरुङ
सदस्य



मन्दिप गुरुङ
सदस्य

## संखुवासभा तमू समाज सेवा समितिको मूलसमिति

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



मिरा गुरुङ
अध्यक्ष



सावित्रा गुरुङ
उपाध्यक्ष



कुसुम गुरुङ
सचिब



रिता गुरुङ
कोषाध्यक्ष



रोमी गुरुङ
सह-कोषाध्यक्ष



कमला गुरुङ
सदस्य



उमाकला गुरुङ
सदस्य



दिलकुमारी गुरुङ
सदस्य



बिर्सिका गुरुङ
सदस्य



फुलमाया गुरुङ
सदस्य



निलम गुरुङ
सदस्य



टिकामाया गुरुङ
सदस्य



जानुका गुरुङ
सदस्य

## संखुवासभा तमू समाज सेवा समिति आमा समूह

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं।



पूजा गुरुङ
अध्यक्ष




उमा गुरुङ
उपाध्यक्ष



प्रिती गुरुङ
सचिव



अदिप गुरुङ
सदस्य



सन्दिप गुरुङ
कोषाध्यक्ष



अर्चना गुरुङ
सदस्य



सलिना गुरुङ
सदस्य

## संखुवासभा तमू समाज सेवा समिति (युवा समूह)

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



श्री टिकाराम गुरुङ
मनोनित सल्लाहकार



श्री जैसिता गुरुङ
मनोनित सल्लाहकार



श्री बाबुराम गुरुङ
मनोनित सल्लाहकार



श्री गणेश कुमार गुरुङ
मनोनित सल्लाहकार



श्री युबराज गुरुङ
मनोनित सल्लाहकार



श्री धर्म राज गुरुङ
मनोनित सल्लाहकार



श्री रामचन्द्र गुरुङ
मनोनित सल्लाहकार



श्री मनिराज गुरुङ
मनोनित सल्लाहकार



श्री हर्क बहादुर गुरुङ
मनोनित सल्लाहकार



श्री प्रभु राम गुरुङ
मनोनित सल्लाहकार



श्री पदमकुमारी गुरुङ
मनोनित सल्लाहकार

## संखुवासभा तमू समाज सेवा समिति मनोनित सल्लाहकार

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



संस्थापक अध्यक्ष
टिकाराम गुरुङ



पूर्व अध्यक्ष
रंगलाल गुरुङ



पूर्व अध्यक्ष
टिकाराम गुरुङ



पूर्व अध्यक्ष
ताराकुमारी गुरुङ



पूर्व अध्यक्ष
रश्मी गुरुङ



पूर्व अध्यक्ष
बाबुराम गुरुङ

## संखुवासभा तमू समाज सेवा समिति पूर्व अध्यक्ष

# शुभकामना !

गुरुङ समुदायको महान् चाड **तमू ल्होछार सप्रि-ल्हो (सर्प वर्ग) २०८१** सालको अवसरमा देशविदेशमा रहनुभएका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा **सुख, शान्ति र समृद्धिका लागि हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।



**राम बहादुर गुरुङ, जैसिता गुरुङ**

खाँदबारी नगरपालिका–११, आङ्ला, हाल : नख्खीपोट

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू



१. श्री बाल कुमार गुरुङ तथा
सितामाया गुरुङ



२. श्री गणेश कुमार गुरुङ तथा
खड्गकुमारी गुरुङ



३. श्री राम बहादुर गुरुङ तथा
जैसिता गुरुङ



४. श्री चन्द्र बहादुर गुरुङ तथा
दुर्गीमाया गुरुङ



५. श्री बाबुराम गुरुङ तथा
मिरा गुरुङ



६. श्री लिला बहादुर गुरुङ तथा
शिला गुरुङ



७. श्री कर्ण माया गुरुङ



८. श्री राम गुरुङ तथा
सुनिता गुरुङ



९. श्री केशर बहादुर गुरुङ तथा
सावित्रा गुरुङ



१०. श्री सुरेन्द्र गुरुङ तथा
जानुका गुरुङ



११. श्री रन्जित गुरुङ तथा
बेदुमाया गुरुङ



१२. श्री चन्द्र बहादुर गुरुङ तथा
गौरीमाया गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू


१३. श्री राजकुमार गुरुङ तथा
कमलादेवी गुरुङ


१४. श्री ईन्द्र बहादुर गुरुङ तथा
मित्र कुमारी (राई) गुरुङ


१५. श्री धर्मराज गुरुङ तथा
इन्द्र कुमारी गुरुङ


१६. श्री तुलराम गुरुङ तथा
टीका माया गुरुङ


१७. श्री रामचन्द्र गुरुङ तथा
मिश्रा गुरुङ


१८. श्री भोलामान गुरुङ तथा
दुर्गा देवी गुरुङ


१९. श्री आशिष गुरुङ तथा
कल्पना गुरुङ


२०. श्री सि.आई. नारायण कुमार गुरुङ तथा
दिपकला गुरुङ


२१. श्री रमेश प्रसाद गुरुङ तथा
बिर्सिका गुरुङ


२२. श्री प्रभुराम गुरुङ तथा
सर्मिला गुरुङ


२३. श्री बलभद्र गुरुङ तथा
मधुमाया गुरुङ


२४. श्री टिकाराम गुरुङ तथा
कलुमाया गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू


२५. श्री. मोतीलाल गुरुङ तथा किपा गुरुङ


२६. श्री मनिराज गुरुङ तथा कुशुम गुरुङ


२७. श्री युवराज गुरुङ तथा ताराकुमारी गुरुङ


२८. श्री टिकाराम गुरुङ तथा देवी गुरुङ


२९. श्री जीतबहादुर गुरुङ तथा चिजा गुरुङ


३०. श्री चन्द्रबहादुर गुरुङ तथा अनु गुरुङ


३१. श्री रमेशकुमार कोरंगी गुरुङ तथा मिश्रा गुरुङ


३२. श्री लक्षिमाया गुरुङ


३३. श्री पदमकुमारी घले गुरुङ


३४. श्री रश्मि गुरुङ


३५. श्री जितमान गुरुङ तथा छन्दकुमारी गुरुङ


३६. श्री खगेन्द्र मेघी गुरुङ तथा बालकुमारी गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू



३७. श्री दुर्गाबहादुर घले तथा
कमला गुरुङ



३८. श्री डम्बर सिंह गुरुङ तथा
सुमित्रा गुरुङ



३९. श्री प्रविण गुरुङ तथा
अनिता गुरुङ



४०. श्री डम्बरबहादुर गुरुङ तथा
रुकुमाया गुरुङ



४१. श्री तोरणबहादुर गुरुङ तथा
बेलमाया गुरुङ



४२. श्री चक्र गुरुङ तथा
सर्मिला गुरुङ



४३. श्री माहाविर गुरुङ तथा
बिमला गुरुङ



४४. श्री मकरध्वज गुरुङ तथा
गिता गुरुङ



४५. श्री लोकबहादुर गुरुङ तथा
सन्जु गुरुङ



४६. श्री सुरेन्द्र गुरुङ तथा
गंगा गुरुङ



४७. श्री दिपेन्द्र गुरुङ तथा
सोनिया (तामाङ) गुरुङ



४८. श्री रत्नबहादुर गुरुङ तथा
पंखामाया गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू


४९. श्री पुर्णकुमार गुरुङ तथा मिराकला गुरुङ


५०. श्री गोपाल गुरुङ तथा साबित्रा गुरुङ


५१. श्री गंगाराम गुरुङ तथा कृष्णकुमारी गुरुङ


५२. श्री विष्णुप्रसाद गुरुङ


५३. श्री ईन्द्रबहादुर गुरुङ तथा हरिमाया गुरुङ


५४. श्री सजिन रिल्दी घले गुरुङ तथा तारा घले गुरुङ


५५. श्री ईन्द्रराज गुरुङ तथा रोमी गुरुङ


५६. श्री दिलकुमारी गुरुङ


५७. श्री टकमान रिल्दी घले तथा कोमल गुरुङ


५८. श्री लोकप्रसाद गुरुङ तथा लक्ष्मी गुरुङ


५९. श्री ताराविर गुरुङ तथा सकिला गुरुङ


६०. श्री पुर्णकुमार गुरुङ तथा मनमाया गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू



६१. श्री सन्तकुमार गुरुङ तथा
दुर्गादेवी गुरुङ



६२. श्री कृष्णकुमार गुरुङ तथा
कृष्णमाया गुरुङ



६३. श्री किशन गुरुङ तथा
शोभा गुरुङ



६४. श्री जितेन्द्र गुरुङ तथा
टीका गुरुङ



६५. श्री डम्बर गुरुङ तथा
गीता गुरुङ



६६. श्री नगेन्द्र नुवा रिल्दी घले गुरुङ तथा
रेखा घले गुरुङ



६७. श्री दलबहादुर गुरुङ तथा
सिता गुरुङ



६८. श्री निर्मला गुरुङ



६९. श्री देवीप्रसाद गुरुङ तथा
हरिमाया गुरुङ



७०. श्री नाराद गुरुङ तथा
फुलमती गुरुङ



७१. श्री डम्बर मेघी गुरुङ तथा
सन्तोषी गुरुङ



७२. श्री आकाश गुरुङ तथा
समिना गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू


७३. श्री डम्बर घले तथा
धुर्बा घले


७४. श्री टिकाराम गुरुङ तथा
नैना (सवि) गुरुङ


७५. श्री मेहरमान गुरुङ तथा
मीना गुरुङ


७६. श्री संजिब गुरुङ तथा
जगमाया गुरुङ


७७. श्री नैनासिं गुरुङ तथा
गोमा (घले) गुरुङ


७८. श्री हेमबहादुर गुरुङ तथा
तिलकुमारी गुरुङ


७९. श्री छत्रबहादुर रिल्दी घले तथा
लक्ष्मीदेवी गुरुङ


८०. श्री उपेन्द्र कोरंगी गुरुङ तथा
सिता गुरुङ


८१. श्री भक्तबहादुर गुरुङ तथा
लोकमाया गुरुङ


८२. श्री चक्रबहादुर गुरुङ तथा
हरिमाया गुरुङ


८३. श्री बालकुमार गुरुङ तथा
पवित्रा गुरुङ


८४. श्री सन्तोष गुरुङ तथा
हिरादेवी गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू



८५. श्री प्रकाश गुरुङ तथा
भिमकुमारी गुरुङ



८६. श्री चन्द्रबहादुर गुरुङ तथा
ढाकीमाया गुरुङ



८७. श्री मनोजकुमार गुरुङ तथा
जीनाकुमारी गुरुङ



८८. श्री सलबहादुर गुरुङ तथा
पवित्रा गुरुङ



८९. श्री चेतन गुरुङ तथा
गिता गुरुङ



९०. श्री जीवन गुरुङ तथा
मिना गुरुङ



९१. श्री सन्तुमाया गुरुङ तथा
तिर्थबहादुर गुरुङ



९२. श्री रिना गुरुङ तथा
युवराज गुरुङ



९३. श्री स्व. शोभितमान गुरुङ तथा
सावित्रा गुरुङ



९४. श्री दिनेश गुरुङ



९५. श्री भविजंग गुरुङ



९६.श्री नविन गुरुङ तथा
कल्पना गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू


९७. श्री नारायण गुरुङ तथा
कर्णमाया गुरुङ


९८. श्री मणिकुमार गुरुङ तथा
नैनाकला गुरुङ


९९. श्री बाबुराम गुरुङ तथा
सरिता गुरुङ


१००. श्री झलक गुरुङ तथा
कल्पना घले


१०१. श्री जीवन गुरुङ तथा
प्रकृति गुरुङ


१०२. श्री विबन गुरुङ


१०३. श्री रविदेब गुरुङ


१०४. श्री डाकमान रिल्दी घले तथा
डिल्लीमाया गुरुङ


१०५. श्री ओमप्रसाद गुरुङ तथा
मिना लावती गुरुङ


१०६. श्री बच्चुमाया गुरुङ


१०७. श्री ईन्द्रबहादुर गुरुङ तथा
फुलमाया गुरुङ


१०८. मेघराज गुरुङ तथा
कल्पना गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू


१०९. श्री भलमान गुरुङ तथा संगिता गुरुङ


११०. श्री तारामान गुरुङ तथा रमिला गुरुङ


१११. श्री नरमाया गुरुङ


११२. श्री घनश्याम गुरुङ तथा ताराकुमारी गुरुङ


११३. श्री टिकामाया गुरुङ (लिम्बु) तथा कमलबहादुर लिम्बु


११४. श्री प्रविण गुरुङ तथा कविता (राई) गुरुङ


११५. श्री रमेश गुरुङ तथा मैया घले


११६. श्री प्रेमबहादुर गुरुङ तथा कमला घले गुरुङ


११७. श्री सकुन्तला घले


११८. श्री केसी किरण गुरुङ तथा टिका राई गुरुङ


११९. श्री कर्णकुमारी गुरुङ तथा विष्णु लामा


१२०. श्री डाकबहादुर गुरुङ तथा दिलमाया गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू



१२१. श्री दिपक घले तथा अन्चला गुरुङ



१२२. श्री जापान गुरुङ तथा दिल्लीमाया गुरुङ



१२३. श्री प्रकाश गुरुङ तथा तुलसा गुरुङ



१२४. श्री मणीशेखर गुरुङ तथा मुनु गुरुङ



१२५. श्री जिवन रिल्दी घले तथा सोनु (गुरुङ) घले



१२६. श्री ङिमा गुरुङ



१२७. श्री टकमान गुरुङ तथा चित्रा घले



१२८. श्री रञ्जना गुरुङ




१२९. श्री सन्तोष गुरुङ तथा रसना गुरुङ



१३०. श्री देबेन्द्र रिल्दी घले तथा दिलमाया गुरुङ



१३१. श्री कुमार गुरुङ तथा जानुका गुरुङ



१३२. श्री गौमाया गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू


१३३. श्री भिमबहादुर गुरुङ तथा अमृता गुरुङ


१३४. श्री कविराज गुरुङ तथा कमला गुरुङ


१३५. श्री एकराज गुरुङ तथा रञ्जना गुरुङ


१३६. श्री सुरेन्द्र रिल्दी घले तथा मिरा गुरुङ


१३७. श्री महेश गुरुङ तथा पवित्रा (मगर) गुरुङ


१३८. श्री देवीभक्त गुरुङ तथा सरिता गुरुङ


१३९. श्री कुलबहादुर गुरुङ तथा संखा (राई) गुरुङ


१४०. श्री सम्झना गुरुङ तथा शम्सेरबहादुर राई


१४१. श्री सुरेन्द्रकुमार गुरुङ तथा अन्जना गुरुङ


१४२. श्री मदनकुमार गुरुङ तथा गिता राई


१४३. श्री शान्तिबहादुर गुरुङ तथा जगमाया गुरुङ


१४४. श्री श्याम गुरुङ तथा गिता गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
# आजीवन सदस्यहरू



१४५. श्री मिनराज गुरुङ तथा
अन्जु गुरुङ



१४६. श्री तुलसीमाया गुरुङ



१४७. श्री गणेशकुमार गुरुङ तथा
चन्द्रकुमारी गुरुङ



१४८. श्री दुर्गाप्रसाद गुरुङ तथा
पुजा गुरुङ



१४९. श्री भोला मेघी (भलमान) गुरुङ तथा
सुन्केसरी गुरुङ



१५०. श्री रमेशकुमार गुरुङ तथा
धनमाया गुरुङ



१५१. श्री भीमकुमार गुरुङ तथा
शिलाकुमारी गुरुङ



१५२. श्री नईन्द्र लाम्छाने गुरुङ तथा
डम्बरकुमारी गुरुङ



१५३. श्री छबिलाल गुरुङ तथा
निर्मला गुरुङ



१५४. श्री यमकुमार गुरुङ तथा
सलिना गुरुङ



१५५. श्री दिलबहादुर गुरुङ तथा
रसियन गुरुङ



१५६. श्री लक्ष्मीप्रकाश गुरुङ तथा
दिलमाया गुरुङ

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू



१५७. श्री राजेन्द्रकुमार रिल्दी घले तथा कला घले



१५८. श्री बिष्णु रिल्दी घले तथा रिता गुरुङ



१५९. श्री उमादेवी गुरुङ



१६०. श्री सुबाश गुरुङ तथा जानुकला गुरुङ



१६१. श्री रामचन्द्र गुरुङ तथा उर्मिला गुरुङ



१६२. श्री अमृत गुरुङ तथा सावित्रा गुरुङ



१६३. श्री विष्णु गुरुङ तथा डोममाया गुरुङ



१६४. श्री टेकबहादुर गुरुङ तथा रसना गुरुङ



१६५. श्री भक्तबहादुर गुरुङ तथा उमा गुरुङ के.सी.



१६६. श्री सम्झना गुरुङ



१६७. श्री बिष्णुकुमार रिल्दी घले तथा बिष्णुकुमारी गुरुङ



१६८. श्री लियम रिल्दी घले

# संखुवासभा तमू समाज सेवा समिति, काठमाडौं
## आजीवन सदस्यहरू


१६९. श्री भिमबहादुर कोरङ्गी गुरुङ तथा नरमाया गुरुङ


१७०. श्री सुमित्रा लामा गुरुङ


१७१. श्री बिना घले गुरुङ


१७२. श्री बलबहादुर गुरुङ तथा रत्नमाया गुरुङ


१७३. श्री जितबहादुर गुरुङ तथा सरिता गुरुङ


१७४. श्री भोलामान गुरुङ तथा पदममाया गुरुङ


१७५. श्री धनकुमार गुरुङ तथा कविता गुरुङ


१७६. श्री सन्तोष गुरुङ तथा पार्वती गुरुङ


१७७. श्री जगतबहादुर गुरुङ तथा सिता गुरुङ


१७८. श्री भोला गुरुङ तथा सुना रिल्दी घले गुरुङ


१७९. श्री उमेश रिल्दी घले तथा शोभा गुरुङ


१८०. श्री राजु रिल्दी घले तथा फुलमाया गुरुङ

# अरुण सुसेली
वर्ष २४ अंक २३ का लागि

**संरक्षकहरू**
टिकाराम गुरुङ
जैसिता गुरुङ
बाबुराम गुरुङ
तारा कुमारी गुरुङ

**सल्लाहकार**
गणेश कुमार गुरुङ, युबराज गुरुङ
धर्म राज गुरुङ, राम चन्द्र गुरुङ
मनिराज गुरुङ, हर्क बहादुर गुरुङ
प्रभु राम गुरुङ, पदम कुमारी गुरुङ

**प्रकाशन संयोजक**
सी आई नारायाण कुमार गुरुङ
कुसुम गुरुङ

**सम्पादक**
भीम गुरुङ

**तस्वीर**
सजिन रिल्दी घले गुरुङ

**व्यवस्थापक**
दुर्गी माया गुरुङ, गंगा गुरुङ, इन्द्र बहादुर गुरुङ, पंख माया गुरुङ, प्रबिण गुरुङ, मिरा गुरुङ, पुजा गुरुङ, डम्बर बहादुर गुरुङ, उमेश गुरुङ, हरि माया गुरुङ, कृष्ण कुमारी गुरुङ, मन्दिप गुरुङ, चक्र गुरुङ र भीम गुरुङ

**प्रतिनिधिहरू**
नबिन गुरुङ (संखुवासभा), भोलामान गुरुङ (चिचिला), अनु गुरुङ, लिला गुरुङ (अमेरिका), कर्ण कोरंगी, लिला गुरुङ, दाजु गुरुङ, विष्णुप्रसाद गुरुङ (हङकङ) बम बहादुर घले, यम गुरुङ, बिनोद गुरुङ (कोरिया), आशा कुमारी गुरुङ, मकरध्वज गुरुङ, गीता गुरुङ, रामचन्द्र गुरुङ (बेलायत), सुरेश कुमार गुरुङ (बेल्जियम), नन्द कुमार गुरुङ (जापान), जीवन गुरुङ (सिंगापुर), चक्र गुरुङ, किस्न गुरुङ (पोर्चुगल), सुरेश गुरुङ (कतार), इन्द्रा गुरुङ, राजेश गुरुङ (इजरायल)

**मुद्रण**
सहारा प्रिन्ट कनेक्सन, डिल्लीबजार

**प्रकाशक**
संखुवासभा तमू समाज सेवा समिति
देवीनगर-१०, घट्टेकुलो, काठमाडौं


# सम्पादकीय.........

संखुवा र सभा दुईवटा खोलाहरूको भूगोलभित्र फैलिएर रहेको संखुवासभामा घना वस्तिहरूभित्र धेरै गुरुङ (तमू) समुदायको वस्तिहरू रहेका छन् त्यसै बीचबाट सुसाउँदै निरन्तर बगिरहने कोशी नदीले थप संखुवासभाको सुन्दरता र विकासमा टेवा पुऱ्याएका छन् । यसै नदीमा अहिले अरुण तेश्रोजस्तो राष्ट्रिय गौरवको आयोजना बनिरहेका छन्, माथिल्लो अरुण र तल्लो अरुणको मेघा आयोजना पनि बन्नको निम्ति लाईनमा रहेको छ, जसले गर्दा सरकारको भूमिका निक्कै महत्त्वपूर्ण रहने थियो तर सरकार भागवण्डा र स्वार्थको लडाईमा जाक्किएर अस्थिरताको शासन प्रणालीमा दौडिरहेका छन्, जसको कारण धेरै लामो समयदेखि बन्न पर्ने आयोजनाहरू अहिले कछुवाको गतिमा अगाडि बढ्दै गइरहेको पाउन सकिन्छ, त्यसक्षेत्रमा धेरै जनजाति समुदायको मानिसहरूको बसोबास रहेका छन् त्यसठाउँमा बसोबास गर्ने समुदायका मानिसहरू अहिले घर न घाटको भएर बसेका छन् किनभने उनीहरूको जग्गा आयोजनामा परेन त्यसैले उनीहरूले मुआब्जा पाएनन् तर आयोजनाको असर भने धेरै खेप्न बाध्य छन्, थोरैले आफ्नो जग्गा परेको कारण मुआब्जा पाए र बसाई सरे सर्न बाध्य भए भने धेरै पिडित परिवारहरूको भविष्य भने शुन्यतामा भुन्डिरहेका छन् कहालीलाग्दो रातहरूसँग डरैडरमा ।

तथापी संखुवासभा हाम्रो थातथलो भएको हुँदा यहि भूगोलको सिमानाभित्र रहेर हरेक दुःख सुःखका दिनहरू सामाना गर्दै आईरहेका छौ जसमा हामी गुरुङ समुदायबाट प्रतिनिधित्व हुँदै गर्दा त्यही किसिमको संस्कार, संस्कृति, भेषभुषा, चालचलनलाई अङ्गीकार गर्दै हरेक राष्ट्रिय पर्वहरू, मौलिक पर्वहरूलाई मान्दै मनाउँदै आईरहेका छौ, अहिले हाम्रो राष्ट्रीय मौलिक पर्व हामीभित्र प्रवेश भईसकेको छन् र मनाईरहेका छौ ।

हाम्रो जस्तो बहुजातिय, बहुभाषिक, बहुधार्मिक र बहुसाँस्कृतिक राष्ट्रमा आ-आफ्नो पहिचान बोकेका धेरै संस्कार, संस्कृति, चाडपर्व, मौलिक पर्वहरूहरू रहेका छन् । हरेक समुदायको आआफ्नै संस्कार संस्कृतिमा भव्य जमघट गरेर मिठो मसिनो बनाएर खाएर, खुवाएर, नाचेर मनाउँने मौलिक पर्वहरू शुरु भईसकेका छन् जसअनुरुप किरातीहरूको उधौली र तमूहरूको राष्ट्रिय पर्व ल्होसारबाट शुरु भएर अब धेरै जातीय समुदायको मौलिक पर्वहरू लर्को लागेर आईरहेका छन्, ति मौलिक पर्वहरूमध्ये हामी गुरुङ (तमू) समुदायको तमू ल्होसार एउटा विशेष महत्त्वको मौलिक पर्वको रूपमा मनाउने गरिन्छ, जुन आज हामी यसै पर्वभित्र छौ ।

अरुण सुसेली निरन्तर प्रकाशनले संखुवासभा तमू समाज सेवा समितिलाई छुट्टै स्थानमा उभ्याएको छ, हामीले संस्थाप्रति धेरै माया गरेर समाजघर बनाउनको लागि आजीवन सदस्यको अवधारणाअन्तर्गत सदस्यता लिनुहुने दाताहरूको धेरै भन्दा धेरै फोटोबायोग्राफीहरू, महत्त्वपूर्ण जानकारी, लेख, रचनाहरू समेटेर अरुण सुसेलीको नयाँ मुखपत्र अर्थात् संस्थाले वर्षभरि गरेका र गर्न खोजेका कामहरूको नत्थी विवरण गरि सुचित गर्ने एउटा मूल माध्यमको रूपमा तयार पारेका छौ, यसमा विशेष लेखकले लेखेका जस्तो उत्कृष्ट लेख, रचनाहरू नहुन सक्छन् । यसमा सम्पादकीय टिमले यस पुस्तकको बारेमा अग्रीम जानकारी गराउँदछौ । यस प्रकाशनमा साथ दिनुहुने लेखक, विज्ञापनदाता, शुभकामना, श्रद्धान्जली दिनुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

अन्त्यमा गरुड वर्ग (मुप्रि ल्हो) को बिदाई र सर्प वर्ग (सप्रि-ल्हो) को आगमनको शुभउपलक्ष्यमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण तमू एवं नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य र उत्तरोत्तर प्रगतिका कामना गर्दै सप्रि-ल्होसारको हार्दिक मंगलमय आशीमलां ।

जय संखुवासभा तमू समाज सेवा समिति

# संखुवासभा तमू समाज सेवा समिति

**काठमाडौं, नेपाल**

२०५८

# शुभकामना



*दुर्गीमाया गुरुङ*

संखुवासभालीहरूको आधार साथै हरेक उर्वर माटोको पहिचान तमूहरूको संस्कार, संस्कृति र परम्पराको धनी स्थल संखुवासभा जिल्लाको हरेक थातथलोबाट क्रमिकरूपमा समाज सुधारहुँदै कृषि युगसम्म आइपुग्दाको अनुभव र प्रस्फुटनहरूले उब्जाएको प्रवृत्ति त्यसैको अनुरूप ज्ञान बुद्धि विवेकले देखेको प्रदेश र प्रदेशले दिएको अनुभव र त्यसै अनुरूप हामीले बसाएको वैकल्पिक समाज र दोस्रो थलो जुन अस्थायी, स्थायी बासस्थानका रूपमा बनाउन सफल छौं र यसै बसाइहरूको बिचमा संखुवासभा तमू समाज नामकरण भएको छ। जसको बिजारोपण २०५८ सालमा भयो। उहाँहरू जन्मदाता सबैलाई सम्झन चाहन्छु र ज-जसले अहिलेसम्म अनवरत रूपमा अगाडी बढाउन योगदान दिनुभयो, ल्याउनुभयो साथ सहयोग गर्नुभयो उहाँहरू सबैलाई धन्यवाद दिन चाहन्छु, जसमा म आफू पनि केहि समयदेखि जोडिने अवसर पाए जसअनुरूप आफ्नो मनमस्तिष्कदेखि नै यस संस्थाका लागि केही सहयोग गर्ने अवसर पाए र हरेक क्रियाकलापहरूमा सहभागी भएर अनवरत समय सँगसँगै अघि बढ्दै जाने क्रममा आज मैले यस होनाहार संस्थाको अध्यक्ष जस्तो गरिमामय पदको जिम्मेवारी पाएको छु।

वर्तमानलाई हेरेर भविष्यको रूपरेखा तयार पार्ने हामी मानव प्राणी हौं। त्यसैले हामीले पनि आजसम्म आइपुग्दा धेरै किसिमका उतार चढावहरू आए र आइरहेको पनि छ र पनि हाम्रो बाटोहरू अनवरत अगाडि बढिरहनेछ। त्यसैले अब हाम्रो अत्यन्तै कठिन अथवा अत्यन्तै निर्णायक समय आइपुगेको छ जसका लागि अहिलेको समितिले समाज घरको महाअभियान लिएर आएका छौ, जसमा तपाइँहरूको साथ र सहयोग आउनेछ भन्ने मैले आशा लिएको छु।

यस संस्थाको मुखपत्र **अरुण सुसेली** अनवरत रूपमा प्रकाशन हुँदै आइरहेको र यस वर्ष पनि हामीले प्रकाशन गरेका छौं र यस मुखपत्रमा ज-जसले लेख, रचना, शुभकामना र श्रद्धाञ्जली उपलब्ध गराइ सहयोग गर्नुभयो, तपाइँहरू सबलाई मेरो व्यक्तिगत तथा संस्थाको तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु।

अन्त्यमा हाम्रो राष्ट्रिय चाड ल्होछार पर्व सप्रि-ल्हो (सर्प वर्ग) २०८१ को पावन अवसरमा देश तथा विदेशमा रहनु हुने तमू दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति एवम् सुस्वास्थ्य दीर्घायुको हार्दिक मंगलमय आशिमलाँ टक्र्याउन चाहन्छु।

दुर्गीमाया गुरुङ
अध्यक्ष, संखुवासभा तमू समाज सेवा समिति

# विषय-सूची


| | | |
|---|---|---|
| समाज घर निर्माणको सपना, संकल्प र सहयात्रा | सिआई नारायणकुमार गुरुङ | ५ |
| शिक्षा अनि नीति ? | गोविन गुरुङ | ११ |
| नेपालको पर्यटन क्षेत्रमा सम्भावना | बाबुराम गुरुङ | १५ |
| आफ्नो पुर्ख्यौली थलो सिक्लेस पुग्दाको अविष्मरणीय क्षण | डम्बरसिं गुरुङ | १७ |
| तमु संस्कृति : हिमालको मुना | स्मृति गुरुङ | २० |
| सामाजिक समस्या समाधान | अनिसा गुरुङ | २१ |
| संस्कार | अनिसा गुरुङ | २१ |
| २०८१ को दान दिनुहुने महानुभावहरुको नामावली | | २४ |
| संस्थाको प्रगति प्रतिवेदन | भीम गुरुङ | ३४ |





२०८१ को शुभ दीपावलीको अवसरमा
देउसी भैलो



# समाज घर निर्माणको सपना, संकल्प र सहयात्रा



■ *सिआई नारायणकुमार गुरुङ*

सामान्य अर्थमा समाज एकआपसमा आश्रित, सामूहिक पहिचान बोकेको र सामूहिक उदेश्य प्राप्तिका लागि व्यक्तिहरूको संगठित समूह हो । समाज व्यक्ति व्यक्तिबिचको सम्बन्धको सञ्जाल पनि हो । खास क्षेत्र, वर्ग, सामाजिक रीति, संस्कृति, व्यवसायमा आबद्ध मानिसहरूको समूह समुदाय हो। समुदाय एउटै जात, भाषा, धर्म आदिका आधारमा बनेको हुन्छ । मैले यहाँनिर कुरा गर्न खोजेको समाज हो, संखुवासभा तमु समाज सेवा समिति, काठमाडौं । अर्थात् संखुवासभामा स्थायी घर भई काठमाडौंलाई कर्मथलो बनाउँदै आएका संखुवासभाली तमुहरूको साझा संस्था ।

हामी काठमाडौंमा बसोबास गरिरहेका संखुवासभाका तमुहरूकै आफ्नै घर दैलोबाट सुरु भयो, संखुवासभा तमु समाज सेवा समितिको अभियान । अहिलेको हाम्रो साझा सपना हो, 'सुन्दर र भव्य समाज घर ।' आफ्नै झोलामा कार्यालय जसरी बोकेर संस्थागत भइरहेको संस्थाको घर निर्माणको एउटा भव्य सपना देख्यौं । संयोगले यसको निर्माण अर्थात् आर्थिक संयोजनको भारी मेरो काँधमा सबैले बोकाइदिनुभयो । आर्थिक संयोजकको हिसाबले म लगायत मेरो टिम यस अभियानमा निरन्तर लागिरहेको छु। काठमाडौंमा रहनु भएका सबै संखुवासभाली तमुहरूको घर दैलोमा हामी हाम्रो साझा सपना र संकल्प बोकेर गइरहेका छौं ।

हामीले एक दुई रुपयाँबाट सुरु गरेको अभियान अहिले करोडमा पुगेको छ। र हामीले कम्तीमा एक रोपनी जग्गामा ९/१० करोडको भव्य समाज घर निर्माणको सपना देखिरहेका छौं । हाम्रो त्यो सपनालाई विपनामा परिणत गर्नका लागि एकपछि अर्को सहयात्रीहरू थपिरहनु भएको छ। १० हजारदेखि एकैजनाले १८ लाख भन्दा माथि पनि हाम्रो अभियानमा दिइरहनु भएको छ। र मलाई यहाँसम्म आइपुग्दा अब लाग्न थालेको छ, हामी हाम्रो सपनालाई विपनामा परिणत गर्ने दिशातर्फ उन्मुख छौं। आजसम्मको मेरो अनुभव असाध्यै उत्साहजनक छ। हामी प्रस्ताव लिएर जहाँ जहाँ पुग्यौं, कतैबाट पनि हामी रित्तो हात फर्किनु परेको छैन। संखुवासभाली तमुहरू कति आत्मिय हुनुहुन्छ ? भन्ने पुष्टि यहीनिर हुन्छ । यसले पनि हामीलाई अभियानमा निरन्तर लाग्न उत्साहित र अभिप्रेरित गरीरहेको छ।

**हाम्रो सपना र संकल्प**

हाम्रो विश्वास छ, घर निर्माणपछि संखुवासभा जन्मथलो भइ काठमाडौं उपत्यकाभित्र अस्थायी तथा स्थायी बसोबास गर्ने, संखुवासभा जिल्ला, देशका विभिन्न भाग र विश्वका विभिन्न देशमा स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने संखुवासभाली तमु समुदायलाई जन्मदेखि मृत्युसम्म पर्ने तमु गुरुङ जातिहरूको धर्म र संस्कार अनुरुप कार्य गर्न सहज हुनेछ। यसैगरी तमुहरूको संकार, संस्कृति, इतिहास, पहिचान, ऐतिहासिक मौलिकता झल्कने गरी तमु संग्राहलय हल व्यवस्थापन गरी तिनको संरक्षण प्रवर्धन गर्न मद्दत पुग्नेछ।

तमु समुदायको भाषा, लिपी, भेषभुषा, चाडपर्व, धर्म, रितिरिवज र संस्कारहरूलाई एकरुपता आउने छ। समाजमा आबद्ध संखुवासभा जिल्लाबाट काठमाडौं उपत्यकाभित्र आइ स्थायी वा अस्थायी बसोवास गर्ने, संखुवासभा जिल्ला र देशका विभिन्न भागमा बसोबास गर्ने संखुवासभाली तमुहरूको लागि एकीकृत प्रशिक्षण केन्द्र सञ्चालन हुनेछ।

प्रशिक्षण केन्द्रमा हुने तालिम, गोष्ठी सञ्चालनबाट

दक्ष जनशक्तिको उत्पादन गर्दै तमु समुदायहरूलाई उद्यमी र आत्मनिरभरता बारे उत्पेरित गराइनेछ । तमु युवायुवतीहरूलाई उद्यमी सिप विकासका लागि तालिम, प्रशिक्षण, भेला, गोष्ठी सञ्चालन गरि क्षमता अभिवृद्धि हुनेछ । काठमाडौंलाई केन्द्र बनाएर प्रदेश, जिल्ला र स्थानीय तहहरूसम्म तालिम, गोष्ठी, प्रशिक्षण सञ्चालन गर्दा देशभर प्रभाव विस्तार हुनेछ । हो, यिनै पवित्र उद्देश्य र सपनाको साथ थालिएको हाम्रो अभियानको बारेमा यो आलेख हाम्रो त्यही सपना, संघर्ष र सहयात्राको बिषयमा केन्द्रित छ ।

**के हो संखुवासभा तमु समाज सेवा समिति, काठमाडौं ?**

हामीलाई थाहा छ, नेपालको संघीय संरचना अनुसार कोशी प्रदेशका १४ मध्येको संखुवासभा एक जिल्ला हो । संखुवासभाको उत्तर पश्चिममा **सोलुखुम्बु, पश्चिममा भोजपुर, दक्षिणमा धनकुटा, पूर्वमा तेह्रथुम, उत्तर पूर्वमा ताप्लेजुङ** जिल्ला रहेको छ भने उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ । संखुवासभा जिल्लामा १० वटा स्थानीय तह रहेका छन् । जसमा **धर्मदेवी, मादी, चैनपुर, पाँचखपन र खाँदवारी** गरी ५ नगरपालिका र **सभापोखरी, चिचिला, सिलिचोङ, मकालु र भोटखोला** गरी ५ गाउँपालिका रहेका छन् ।

वर्तमान राज्य संरचनामा संखुवासभामा प्रतिनिधिसभामा एक मात्र निवार्चन क्षेत्र रहेको छ । प्रदेशसभातर्फ '१' र '२' गरी दुई निर्वाचन क्षेत्र रहेका छन् । प्राकृतिक स्रोत साधनले सम्पन्न मानिने संखुवासभा प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । यहाँ नेपालमा बसोबास गर्ने अधिकांश जातजाति, भाषाभाषी, धर्म र समुदायको मानिसको मिश्रित बसोबास रहेको छ । आफ्नै मौलिक भाषा, धर्म, संस्कार, संस्कृति रहेको नेपालका आदिवासी जनजाति मध्येको प्रमुख जाति तमुहरूको संखुवासभामा बाक्लो बसोबास छ । राष्ट्रिय जनगणना-२०७८ अनुसार संखुवासभामा तमुहरूको जनसंख्या २१ हजार भन्दा बढी देखिन्छ । थातथलो संखुवासभा भएका तमुहरू हाल काठमाडौं उपत्यका, देशका विभिन्न शहर र विश्वका विभिन्न देशमा स्थायी तथा अस्थायी रुपमा बसोबास गरिरहेका छन् । काठमाडौं उपत्यकामा मात्र स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने संखुवासभाली तमुहरूको जनसंख्या एक हजार पाँच सय जनाभन्दा बढी रहेको पाइन्छ ।

काठमाडौं उपत्यकामा बसोबास गर्ने संखुवासभाका तमुहरू आफ्नो भाषा, धर्म, संस्कार संस्कृतिको संरक्षण, प्रवर्द्धन र पुस्तान्तरण तथा आफ्नो हक-अधिकारका लागि संगठित भएको इतिहास लामो छ । संखुवासभाबाट काठमाडौं उपत्यकामा आइ स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने तमुहरूको एक भेलाले २०५८ साउन ९ गते संखुवासभा तमु समाज सेवा समिति, काठमाडौं गठन गरेको इतिहास नै संखुवासभाली तमुहरू काठमाडौं उपत्यकामा संगठित भएको पहिलो इतिहास हो ।

संखुवासभा तमु समाज सेवा समिति, काठमाडौं संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय काठमाडौंमा भएको छ । दर्ता नं. २३ रहेको छ । संस्थाले स्थापना कालदेखि नै तमु समुदायको भाषा, धर्म, संस्कार संस्कृति, भेषभुषाको संरक्षण, प्रवर्द्धन गर्नुका साथै तमु समुदायको हकहित, अधिकारको पक्षमा पैरवी गर्दै दुःख सुखमा साथ दिँदै आएको छ । यो समाज संखुवासभाली तमुहरूको हरेक संकटको सारथी बन्दै आएको छ । जहाँ संकट, जहाँ समस्या, जहाँ दुःख-त्यहाँ संखुवासभा तमु समाज सेवा समितिको उपस्थिति रहँदै आएको छ ।

**समाज घर निर्माणको आवश्यकता र औचित्य**

यहाँहरूलाई थाहै छ, समाजको अगुवाई, पहलकदमीमा विभिन्न सामाजिक र सांस्कृतिक अभियानका कामहरू भइरहेका छन् । समाज संखुवासभाली तमु समुदायको एक भरपर्दो र भरोषायोग्य पहिलो संस्थाको रुपमा स्थापित भएता पनि दिगो सम्पतिको रुपमा संस्थाको आफ्नै भौतिक संरचना 'भवन' निर्माण हुन सकेको छैन । यसबाट संस्थाको उद्देश्य बमोजिम गर्नुपर्ने सामाजिक, सांस्कृतिक, धार्मिक लगायतका कार्यहरूमा कठिनाइ उत्पन्न भइरहेको थियो ।

हामीले हाम्रो ऐतिहासिक दस्तावेजहरू, तस्विरहरूलाई सबैले देख्ने गरी एकीकृत रुपमा राख्न सकेका छैनौं । संस्थाको माध्यमबाट समाजका लागि सञ्चालन गरेका अभियान,

कार्यक्रमहरूबाट प्राप्त महत्वपूर्ण दस्ताबेजहरूलाई सुरक्षित राख्न अप्ठ्यारो परिरहेको छ । ती अहिले असुरक्षित भण्डारमा थन्किएका छन् । हामीले व्यबस्थित नगर्ने हो भने हाम्रो ती महत्वपूर्ण दस्ताबेजहरू बिस्तारै सड्ने, बिग्रने खतरा रहेको छ । यसबाट हाम्रो अभियानको गौरवमय इतिहास बिस्तारै मेटिदै जाने देखिन्छ । कुनै पनि अभियान सञ्चालनमा आउने, ल्याउने कार्यमात्र ठूलो कुरो होइन । यसलाई इतिहासको रुपमा बचाउँदै नयाँ पुस्तामा हस्तान्तरण गरिनुपर्दछ । हामीले आफ्नो भवन नहुँदा विशिष्ट महत्व बोकेका हाम्रा अनेकौं सांस्कृतिक पर्वहरू व्यवस्थित रुपमा मनाउन सकेका छैनौं । हाम्रा सांस्कृतिक मूल्य मान्यताहरूलाई साझा रुपमा स्थापित गर्न सकेका छैनौं ।

आफ्नै भौतिक संरचना नहुँदा काठमाडौं उपत्यकामा अस्थायी तथा स्थायी रुपमा बसोबास गर्ने, संखुवासभा जिल्ला, देशका विभिन्न भाग र विश्वका विभिन्न देशमा बसोबास गर्ने तमाम तमु समुदायको भाषा, धर्म, संस्कार, संस्कृतिको संरक्षण तथा प्रवर्धन र क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा गोष्ठीहरू सञ्चालन गर्न सकिएको छैन । यस अन्तर्गत युवा वर्गहरूका लागि नेतृत्व विकास, भाषणकला तालिम, आमा समूह, युवायुवतीहरूका लागि क्षमता अभिवृद्धि तालिम, सहकारी तालिम, लेखा समितिहरूलाई लेखा प्रणाली सम्बन्धी तामिल, तमु लिपी एवं भाषा सिकाई तालिम, तमु संस्कृतिमा आधारित घाटुँ एव साँस्कृतिक कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गर्न कठिनाइ भइरहेको छ ।

अहिले विशेष गरी समाजको आफ्नो भवन नहुँदा जन्मदेखि मृत्युसम्मका हाम्रो सामाजिक तथा धार्मिक संस्कारका काम गर्न, सामूहिक भेटघाट, सांस्कृतिक कार्यक्रम गर्न तथा संस्थाका सदस्यहरूलाई विभिन्न प्रकारको सूचना प्रवाह गर्न कठिन भइरहेको छ । यसका अतिरिक्त दुःख सुख लगायतका काममा आपतकालीन रुपमा संखुवासभा तथा देशका विभिन्न भाग र विश्वका विभिन्न मुलुकबाट काठमाडौं उपत्यकामा छोटो समयका लागि आउने संखुवासभाली तमुहरूका लागि अतिथि गृह बनाउन सकेका छैनौं । यो समाजको आफ्नो भवन नहुँदा हालसम्म सम्भव भएको छैन । समाजको तमाम आवश्यकता, समाजको उद्देश्य, धार्मिक, सामाजिक, सांस्कृतिक कार्य, सार्वजनिक कार्यक्रम, व्यवस्थित तालिम सञ्चालन, संखुवासभाली तमुका लागि अतिथि गृह निर्माण र समग्रमा संखुवासभाका अघिल्लो, वर्तमान र भावी पुस्ताका तमुहरूको सामूहिक हितका लागि काठमाडौं उपत्यकामा खुल्ला स्थान सहितको सुविधा सम्पन्न समाजको आफ्नै भवन निर्माण गर्न आवश्यकता देखिएको छ ।

यही आवश्यकता र औचित्यलाई मध्यनजर गरेर समाजको विधान अनुसार संखुवासभा तमु समाज सेवा समिति, काठमाडौंको जग्गा खरिद तथा समाज घर निर्माणका लागि निर्माण परियोजना अघि सारिएको छ । यस परियोजनाको नाम संखुवासभा तमु समाज सेवा समिति, काठमाडौं समाज घर निर्माण परियोजना भनिएको छ । **यो परियोजना सञ्चालन गर्न समाजको तर्फबाट १५ सदस्य, ६ जना सल्लाहकार सहित र विभिन्न देशका २५ सदस्य प्रतिनिधिहरूको उपसमिति गठन गरिएको छ ।** यही समितिले काम र अभियान जारी राखेको छ । उक्त समितिले परियोजना सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्ने जिम्मेवारी पाएका छौं । यस बाहेक आमा समूह, युव समूह लगायतका भगिनी समितिहरूले पनि एक साथ काम गरीरहेको छ । तर यी सबै समिति मुल समितिको अधिनस्थ रही आएको छ ।

**समाज घर निर्माणका उद्देश्य**

हामीले मुलतः निम्न अनुसारको उद्देश्यबाट समाज घर निर्माणका अभियान सुरु गरेका हौं,

> संखुवासभा थातथलो भइ काठमाडौं उपत्यकाभित्र अस्थायी तथा स्थायी बसोबास गर्ने, संखुवासभा जिल्ला, देशका विभिन्नभाग र विश्वका विभिन्न देशमा स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने संखुवासभाली तमु समुदायलाई जन्मदेखि मृत्युसम्म पर्ने तमु गुरुङ जातिहरूको धर्म र संस्कार अनुरुप कार्यहरू गर्ने ।
>
> संखुवासभा तमु समाज सेवा समितिमा आवद्ध काठमाडौं उपत्यकाभित्र अस्थायी तथा स्थायी रुपमा

बसोबास गर्ने, संखुवासभा, देशका विभिन्न भाग र विश्वका विभिन्न देशमा बसोबास गर्ने संखुवासभाली तमुहरूका लागि आवश्यकताका आधारमा छोटो अवधिका लागि अतिथि गृहको रुपमा प्रयोग गर्न सकिने ।

तमुहरूको संस्कार, संस्कृति, इतिहास, पहिचान, ऐतिहासिक मौलिकता झल्कने गरी तमु संग्राहलय हल व्यवस्थापन गरी तिनको संरक्षण प्रवर्धन गर्ने ।

तमु समुदायको भाषा, लिपी, भेषभुषा, चाडपर्व, धर्म, रितिरिवज र संस्कारहरूलाई एक रुपतामा ल्याउने ।

समाजमा आबद्ध संखुवासभा जिल्लाबाट काठमाडौं उपत्यका भित्रआई स्थायी वा अस्थायी बसोवास गर्ने, संखुवासभा र देशका विभिन्न भागमा बसोबास गर्ने संखुवासभाली तमुहरूका लागि एकीकृत प्रशिक्षण केन्द्र सञ्चालन गर्ने । प्रशिक्षण केन्द्रमा तालिम, गोष्ठीहरू सञ्चालन गरी दक्ष जन शक्तिको उत्पादन गर्दै तमु समुदायहरूलाई उद्यमी र आत्मनिरभरता बारे उत्पेरित गराउने । तमु युवायुवतीहरूलाई उद्यमी सिप विकासका लागि तालिम, प्रशिक्षण, भेला, गोष्ठी सञ्चालन गर्ने । काठमाडौंलाई केन्द्र बनाएर प्रदेश, जिल्ला र स्थानीयहरूसम्म तालिम, गोष्ठी, प्रशिक्षण सञ्चालन गर्ने ।

संघीय, प्रादेशिक र स्थानीय सरकार, अन्य सरकारी तथा गैर सरकारी संघ-संस्था, गैर तमु, नीजि क्षेत्रसँगको सहयोग र सहकार्यमा विभिन्न सिपमुलक तालिम, प्रशिक्षण र गोष्ठीहरू सञ्चालन गर्ने ।

तमु ह्युल छोज धीँ गुरुङ तमु राष्ट्रिय परिषद्, तमु समुदायसँग सम्बन्धित विभिन्न संघ-संस्थासँगको सहयोग र सहकार्यमा विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

अन्तर्राष्ट्रिय दातृ निकाय, विभिन्न व्यक्तिको सहयोग तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने ।

समाज घर निर्माणको लागि सम्पूर्ण देश विदेशमा रहनु भएको तमु एवं गैर तमु बुद्धिजिवी, समाजसेवी, युवाहरू, शिक्षकहरू लगायत सम्पूर्ण महानुभावहरूसँग आवश्यक सर-सल्लाह गरी सम्बन्धित निकायहरूमा आवश्यक बजेट तथा सरसहयोगहरू जुटाउने लक्ष्य लिइएको छ । सल्लाहाकारहरूको सुझाव र सल्लाहमा आर्थिक व्यावस्थापन समितिको समेत गठन गरिने र सोही समितिले जग्गा व्यवस्थापनको काम गरि समाज (घर) निर्माण गर्न थप समितिको चयन गर्ने लक्ष्य रहेको छ ।

भौगोलिक तथा वातावरणीय हिसाबले सबै क्षेत्रलाई उपयुक्तहुने, संखुवासभाली बहुसंख्यक तमुहरूको बस्ती नजिक पर्ने, सार्वजनिक यातायातको सहज सुविधा हुने स्थानमा सुलभ मुल्यमा जग्गा खरिद गरिनेछ । खरिद गरिएको स्थानमा संखुवासभा तमु समाज सेवा समिति, काठमाडौंको समाज घर निर्माण गरिने छ । जग्गाखरिद तथा समाज घर निर्माणका लागि आर्थिक सहयोग गर्ने सहयोगीदाताहरूलाई निम्न बमोजिम सम्मान गरिनेछ ।

सबै सहयोगदाताहरूको नाम शिलापत्रमा उल्लेख गरिनेछ । सबै सहयोग दाताहरूलाई सम्मान गर्दै प्रमाण पत्र सहित धन्यवाद ज्ञापन गरिनेछ ।

१० हजारदेखि एक लाख रुपयाँसम्मका सहयोग दाताको नाम विस्तृत ठेगाना सहित शिलापत्रमा राखिनेछ ।

१ लाखदेखि पाँच लाखसम्मका सहयोग दाताको पति र पत्नी नाम विवरण विस्तृत ठेगाना सहित शिलापत्रमा राखिनेछ ।

५ लाखदेखि १२ लाखसम्मका सहयोग दाताको पतिपत्नीको फोटो सहितको तीनपुस्ते पारिवारिक विवरण विस्तृत ठेगाना सहित सिलापत्रमा राखिनेछ ।

१२ लाखदेखि २५ लाखसम्मका सहयोग दाताको पति पत्नीको फोटो तीनपुस्ते पारिवारिक विवरण, छोरा छोरीको नाम विस्तृत ठेगाना सहित सिलापत्रमा राखिनेछ ।

२५ लाखदेखि ५० लाखसम्मका सहयोग दाताको पतिपत्नीको फोटो सहित र कुनै एक सभाहलको नामाकरण समेत गरिनेछ । साथै दाताको तीनपुस्ते पारिवारिक विवरण, छोरा छोरीको नाम विस्तृत ठेगाना सहित सिलापत्रमा राखिनेछ ।

५० लाखदेखि माथिका सहयोग दाताको तीनपुस्ते पारिवारिक परिवारको सबै सदस्यको नाम विस्तृत ठेगाना उल्लेख गरी मुख्य व्यक्ति दाताको भवनमा शालिक राखिनेछ ।

**कहाँ पुग्यो अभियान ?**

मैले सुरुमा पनि उल्लेख गरेको छु, हाम्रो उद्देश्य करिब एक रोपनी जग्गामा भव्य भवन निर्माण गर्नु रहेको छ । यो अभियानको औपचारिक थालिन ८ बैसाख २०८१ बाट गरिएको हो असार १५ गते देखि चिठीपत्रका साथै कार्यविधि वितरण गरिएको छ । अझै हामीले सबै परिवारको घरदैलोमा पुग्न सकेका छैनौ । तर हामी सवै घरदैलोमा पुग्नेनै छौ । यो कार्य देशविदेशमा पनि जारी नै छ । यो अभियानलाई सफल बनाउनका लागि युवट्युव च्यानल **sajin29** मा पनि हेर्न सक्नुहुनेछ ।

हालसम्म तीन करोडभन्दा बढी हामीले सहयोग उठाएका छौं । यस विचमा १८० भन्दा बढी आजिवन सदस्य बन्नु भएको छ । लक्ष्य चुम्न अझै हामीले ५/६ करोड पैसा जम्मा गर्नु पर्नेछ । यो एकल प्रयासले मात्रै सम्भव हुने छैन । हामीले सबैलाई आजिवन सदस्य अनिवार्य रुपमा बनाउने लक्ष्य राखेका छौं । आजिवन सदस्य शुल्क (सदस्य शुल्क) कम्तीमा १० हजार निर्धारण गरेका छौं ।

यो परियोजना हाम्रो आफ्नै हो, हाम्रै लागि हो भन्ने महत्वबोध गराएर संखुवासभाबाट काठमाडौं उपत्यकामा आइ स्थायी वा अस्थायी रुपमा बसोबास गर्ने, संखुवासभा जिल्ला, देशका विभिन्न भाग र विश्वका विभिन्न देशमा बसोबास गर्ने संखुवासभाली तमु दाजुभाइ तथा दिदीबहिनीहरूसँग सहकार्यको प्रयासमा छौं । तमु ह्युल छोजधौं गुरुङ राष्ट्रिय परिषद् लगायत तमु समुदायसँग सम्बन्धित विभिन्न संघ संस्था, देशभर रहनुभएका सम्पूर्ण तमु र गैर तमु दाजुभाइ तथा दिदीबहिनीहरूको साथ र सहयोग अपेक्षित छ ।

**र अन्तमा अपिल**

संखुवासभाली तमुहरूको इतिहासमा यो एउटा ऐतिहासिक र गौरवमय काम हुनेछ भन्नेमा हाम्रो गहिरो विश्वास रहेको छ । यस कार्यले केवल आजको लागि मात्रै नभएर भोली हाम्रो सन्ततीहरूको लागि पनि यो भौतिक संरचना (समाजघर)असाध्यै महत्वपूर्ण रहनेछ । आज हामीले संकटमा परेको तमुहरूको हितमा अनेकौं अभियान चलाउदै आएका छौं । अन्यायमा पारिएका तमुहरूको पक्षमा बोल्दै आएका छौं ।

कुनै पनि अभियान वा अभियान एक पटक चलाउनु मात्रै ठुलो कुरो होइन, अविछिन्न रुपमा यसको इतिहास बचाइराख्नु पनि महत्वपूर्ण रहने हुन्छ । आजको गौरवमय अभियान र इतिहासलाई अविछिन्न रुपमा नयाँ पुस्तालाई हस्तान्तरणको लागि पनि सामजिक आधार, भौतिक संरचना (सामाजिक घर)उत्तिकै महत्वपूर्ण रहेको छ । तसर्थ यो महान् तथा पवित्र कार्यमा जोडिएर इतिहास निर्माणमा जुट्नका लागि हार्दिक अनुरोध गर्दछौं ।

**आर्थिक संकलन, जग्गाखरिद, समाज घर निर्माण प्रयोजनार्थ बनेका समितिहरु :-**

(१) आर्थिक संकलन, जग्गाखरिद, समाज घर निर्माण र परिचालन तथा व्यवस्थापनका लागि निम्न समितिहरु गठन गरिएको छ । उक्त समितिले सम्पूर्ण कार्य गर्नुपर्नेछ ।

१. संयोजक सि.आई. : श्री नारायण कुमार गुरुङ
२. सहसंयोजक : श्री बाबुराम गुरुङ
३. विदेश विभाग संयोजक : श्री रामचन्द्र गुरुङ
४. विदेश विभाग सहसंयोजक : श्री धर्मराज गुरुङ
५. कोषाध्यक्ष : श्री दुर्गीमाया गुरुङ
६. सचिव : श्री भीमकुमार गुरुङ
७. सह सचिव : श्री प्रभुराम गुरुङ
८. सदस्य : श्री युवराज गुरुङ
९. सदस्य : श्री ईन्द्र बहादुर गुरुङ
१०. सदस्य : श्री पंखमाया गुरुङ
११. सदस्य : श्री मिरा गुरुङ

१२. सदस्य : श्री किसन गुरुङ

१३. सदस्य : श्री मिना गुरुङ

१४. सदस्य : श्री फुलमती गुरुङ

१५. सदस्य : श्री सजिन रिल्दी घले

**सल्लाहकारहरु**

१. श्री टिकाराम गुरुङ (संस्थापक)

२. श्री डम्बर सिंह गुरुङ

३. श्री पुर्ण कुमार गुरुङ

४. श्री सन्त कुमार गुरुङ

५. श्री डम्बर मेघी गुरुङ

६. जैसिता गुरुङ

**विभिन्न देशका प्रतिनिधिहरु**

१. श्री चक्र गुरुङ (पोर्तुगल)

२. श्री जित गुरुङ (अमेरिका)

३. श्री अनु गुरुङ  (अमेरिका)

४. श्री लिला गुरुङ (हङकङ)

५. श्री चन्द्र गुरुङ (हङकङ)

६. श्री प्रकाश गुरुङ (हङकङ)

७. श्री मनोज गुरुङ (हङकङ)

८. श्री जयप्रकाश गुरुङ (हङकङ)

९. श्री खड्गबहादुर गुरुङ (हङकङ)

१०. श्री कर्ण कोरङ्गी (हङकङ)

११. श्री अमर गुरुङ (जापान)

१२. श्री दिपक गुरुङ (जापान)

१३. श्री नैन सिंह गुरुङ (बेलायत)

१४. श्री सुरेश कुमार गुरुङ (बेल्जियम)

१५. श्री कमल गुरुङ (बेल्जियम)

१६. श्री कृष्ण कुमार गुरुङ (बेलायत)

१७. श्री प्रेम कोरङ्गी (बेलायत)

१८. श्री दुर्गादेवी गुरुङ (बेलायत)

१९. श्री तारा गुरुङ (बेलायत)

२०. श्री गिता गुरुङ (बेलायत)

२१. श्री मनि कुमार गुरुङ (बेलायत)

२२. श्री अमृत गुरुङ (बेलायत)

२३. श्री रन्जना गुरुङ (कुवेत)

२४. श्री जीवन गुरुङ (कोरिया)

२५. डम्मर घले (हङकङ)

**सूचना तथा प्रविधि सल्लाहकार**

श्री नगेन्द्र नुह गुरुङ रिल्दी घले

*(लेखक : संखुवासभा तमु समाज सेवा समिति, काठमाडौंका वरिष्ठ उपाध्यक्ष तथा समाज घर निर्माणको सिआई नारायण कुमार गुरुङ (९८५१०३४०६४) आर्थिक संयोजक हुनुहुन्छ)*

# शिक्षा अनि नीति ?



*■ गोविन गुरुङ*

शिक्षा जसले एउटा मानिसलाई अरु प्राणीभन्दा अलग बनाउँछ । जसले मानव ज्ञान, भौतिकशास्त्र, अर्थशास्त्र, विज्ञान, खोज र जिविकापार्जनजस्ता कुराहरूलाई प्राथमिकतामा राखेको हुन्छ । त्यो जुन पनि शिक्षा हुन सक्दछ । क्याम्पस, विद्यालयमा लिने ज्ञान होस् या जिवनयापन । सफल त्यहि व्यक्ति हुन्छ, जोसँग शिक्षा छ । तर आजभोलि नेपालमा भने घोकन्ते शिक्षा मात्र देख्न सकिन्छ । म एउटा निजि विद्यालयमा पढेको विद्यार्थी । कक्षा १ देखि कक्षा १० सम्म पढ्दा पनि प्रविधि देखेको थिए भने त्यो थियो कम्प्युटर जुन कक्षा ६ मा पुग्दा हप्तामा एकचोटी मात्र छुन पाइन्थ्यो र त्यसमा पनि टाईपशाला र एमयस अफिस बाहेक केही पनि हुँदैन थियो । विज्ञानको नाममा हामीलाई घोकाइन्थ्यो र हल गराइन्थ्यो । तर त्यसको सत्य उदाहरण के कसरी हुन्छ भन्ने ज्ञान हुँदैन थियो र केही थाहा पनि हुँदैन थियो । नेपाली शिक्षाबाट मैले पाएको शिक्षा भनेको एक कक्षाबाट दश कक्षासम्मको कागजी प्रमाणपत्र मात्र थियो ।

आज हाम्रो देशमा काम नपाएर वा देशमा राम्रो रोजगार नपाएर र राम्रो वातावरण नपाएर विदेश जाने गर्दछौ, तर विदेशमा पनि काम त्यति सजिलो गरी पाउन सकिदैन । कतै अरु भन्दा थोरै पारिश्रमिक त कतै उनिहरूको जस्तो राम्रो सिपको अनुभव नभएर रोजगार नपाउने कारणहरू, कति नेपालीहरूले तै तनाव थेक्न नसकेर आत्महत्याजस्तो कायरता देखाएको पाइन्छ । किन धेरै नेपालीहरूले रोजगारको विषयमा दिनप्रतिदिन चुनौति भोगिरहेका हुन्छन् ? यसको मुख्य विषय पनि हाम्रो नेपाली शिक्षा प्रणालीनै हो । त्यो बुर्जुवा शिक्षा जसले अक्षर ज्ञान वाहेक नेपालीहरूलाई केही दिन सकेको छैन । मित्रराष्ट्रको भन्दा पनि हाम्रो शिक्षा नीति एकदमै कमजोर छ । राणा शासनको पालामा सुरु भएको शिक्षा प्रणाली कसरी अहिले नेपालको एक ब्रेन ट्युमर हुँदै छ त ?

सन् १८५० मा बेलायत भ्रमण गरिएको श्री ३ जंगबहादुर राणा अंग्रेजीहरूको प्रणाली नीति देखेर दंग परेका थिए । बेलायतको शिक्षा नीति नियम र सरकारी संस्थाको त्यो उपलब्धी जंगबहादुरको लागि निकै नौलो थियो । त्यही क्रममा अंग्रेजी भाषा विश्व व्यापी रहेको पत्ता लगाउँछन् र अंग्रेजी भाषाको महत्व पनि राम्रोसंग बुझ्ने मौका पाउँछन् । चिटिक्क परेको पोसाक, ठुला ठुला पुस्तकालयहरू, ठुला ठुला विद्यालय भवन देखेर प्रभावित भएका जंगबहादुर राणा नेपालमा पनि यस्तै किसिमका विद्यालय र शिक्षा प्रणाली बनाउनु पर्छ भन्ने निधो गरेका थिए । लामो भ्रमण पछि जंगबहादुर राणा आफ्नो देश फर्किएका थिए । जंगबहादुर राणालाई बेलायतमा हुँदा अंग्रेजी भाषा नजानेको कारण अपमानित हुन परेको थियो । त्यही अपमान खेप्न नसकेर नेपालमा आई राणाहरूको लागि मात्र विद्यालयको स्थापना गरेका थिए । सन् १९०१ मा राणा परिवारबाहेकले विद्यालयको शिक्षा लिन पाएका थिएनन् । झन्डै ३० देखी ४० वर्षको अन्तरालपश्चात राणाहरूबाट नै शिक्षामा नेपालको लागि थौरै भए पनि नीति तथा कार्यक्रमको सुरुवात भएको थियो ।

सन् १९३१ मा नेपालमा राष्ट्रिय परिक्षा वोर्डको स्थापना पश्चात एस.एल्.सी.बोर्डको सुरुवात भएको थियो । बोर्ड स्थापना भएता पनि नेपालले शिक्षाको स्वाद भने प्रजातन्त्र आएपछि मात्र थाहा पाएका थिए । त्यसपछि नेपालमा दुई किसिमका विद्यालय संचालनमा आएको पाईन्छ । एउटा सरकारबाट भने अर्को निजि विद्यालयबाट । स्थापना र शिक्षामा विकास भएता पनि जीर्ण र कष्टकरमै अघि

बढिरहेको अवस्थामा पाईन्छ । नेपालको राजनीतिमा भएको उथलपुथलका कारण राजा महाराजाहरूको ध्यान शिक्षामा भन्दा पनि सत्ताका लागि मात्र केन्द्रित भएको पाइएको छ । बिभिन्न राजनीतिक पार्टीहरूले विद्यालय, क्यामपसहरूमा राजनीति गर्ने थलोको रुपमा लिने गरेको पाइन्छ। तर त्यही समयमा सन् १९१८ मा त्रिचन्द्र कलेज सन् १९५९ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भएसँग त्यस पश्चात अरु विश्व विद्यालयको स्थापना पनि भएको थियो।

अहिलेको समयमा १२ भन्दा बढी विश्वविद्यालय, २७ हजार भन्दा माथि सरकारी विद्यालयहरूको स्थापना साथै ७ हजार भन्दा माथिको निजि विद्यालय, कलेजहरूको स्थापना भएको पाइन्छ । तर शिक्षा भने जहाँको त्यही नै भएको पाइन्छ। परिवर्तन नभएको पनि हैन र हामीले परिवर्तन भएको पनि पाएका छौ। परिवर्तन भएको शिक्षा यति साना छन् कि, हुनु र नहुनुको मतलवनै छैन। लाखौ खर्च गरेर पढेको विद्यार्थीहरूले महिनामा १५ हजारको जागिर पाउनको लागि सम्भव नभएको अवस्था छ । विद्यार्थीहरूले गरेको लगानी पनि उठ्छ कि उठ्दैन भन्ने कुरा पनि थाहा भएको पाइन्न।

यस किसिमको समस्या के हो त ? र के कारणले भएको हो त ? यसको समस्या र कारण भनेको पहिलो घोकन्ते विद्या। नेपालमा कुनै पनि विद्यालयमा विद्यार्थी कति सक्षम छन् भन्ने कुरा विद्यार्थीले पाएको कागजी प्रमाण पत्रले उल्लेख गरेको पाईन्छ। जति धेरै माक्स, त्यति धेरै प्रतिभा भएको व्यक्ति। यो विचारले यति धेरैसम्म जरा गाडि सकेको छ की विद्यार्थीहरूले कसरी परिक्षामा राम्रो माक्स ल्याउन सकिन्छ भन्ने मात्र ध्यान दिएको पाइन्छ। विद्यार्थीहरूलाई प्रश्न र उत्तर घोक्न मात्र लगाईन्छ र शिक्षकहरूले पनि यहि मात्र लेख्न भनि लगाएको पाइन्छ। जसले गर्दा विद्यार्थीहरूको सोच्ने र विचार गर्ने क्षमता घटेर आएको पाइन्छ।

आज एकजना विद्यार्थीलाई प्राथामिक वा माध्यमिक स्तर पढ्ने विद्यार्थीलाई समाज भनेर पढाईन्छ तर समाज भने कस्तो हुनु पर्दछ भन्ने कुरा सिकाइन्न । विद्यार्थीहरू अंग्रेजीमा त पढ्छन् तर कपिमा मात्र सिमित भएको देखिन्छ । नत बास्तविक (जिवन सक्रियता) सिकाइन्छ नत बास्तविक व्यवाहारिक नै, यस कारण धेरै विद्यार्थीहरू विद्यालयनै जान नमानेको पाइन्छ । ठूला ठूला किताब, गृहकार्य, अनि घरमा आयो लेख्यो, शिक्षकले दिएको कुरा घोक्यो अनि स्कुल गयो, लेख्यो । यो प्रवृति यसरी बनेको छ की कक्षा १२ सम्म नेपालीले घोक्ने र लेख्ने बाहेक अरु केही सिकेको पाइन्न । अचम्मको कुरा के छ भने व्यवसायिक तालिमको नाममा पनि लेख्न लगाउने गरिन्छ। हामीलाई पढाउने शिक्षामा केवल अक्षर र अंक मात्र सिकाइएको पाईन्छ।

व्यावसायिक, प्राविधिक, कौशल उन्मुख कसरी हुने भन्ने कुराहरू कक्षा १२ सम्म पनि सिकाईएको पाईन्न। साथै कुनै कौशल, विचारको निर्माण पनि भएको पाइन्न। यसकारण संस्कृति, नयाँ प्रविधि नै बुझेको पाइन्न।

जबदेखि नेपालमा राजनितिक पार्टीहरूको स्थापना भयो त्यहिबाट नेपाली शिक्षा प्रणलीमा हस्तक्षेप हुँदै आएको पाइन्छ। विभिन्न दलहरूले हस्तक्षेप गरेको कारण विद्यालय र क्याम्पसहरूमा पढाईको साटो राजनीति गर्ने थलोको रुपमा स्थापित भएको पाइन्छ र एउटा राजनीति गर्ने अखडा मात्र बन्दै गएको पाइन्छ। शिक्षाजस्तो पवित्र कुरामा राजनीति गर्नु भनेको शाकाहारीको थालमा मासु सरहनै हुन्छ।

अहिलेको अवस्थामा शिक्षकदेखि विद्यार्थीमा राजनीतिनै भईरहको पाइन्छ। यसकारण केही कुरा पनि समयमा भएको पाइन्न र अर्को कारण भनेको अयोग्य शिक्षक । सरकारी विद्यालयमा धेरैजसो शिक्षकहरू राजनीति शक्तिमा नियुक्ति भएका हुन्छन् । जसमा पढाउन भन्दा पनि राजनीति बढी गरिएको पाउँछौ। निजि विद्यालयहरूमा पनि तलव कमका लागि अयोग्य शिक्षकहरू राखेका हुन्छन् । यस कारण विद्यार्थीहरू असफलता भएर जन्मिने गर्दछन् । शिक्षामा कम लगानी र त्यसमा गरिने भ्रष्टचारहरूबाट नेपालमा सरकारी विद्यालयहरू पिडामा परिरहेका पाइन्छन्।

निजि विद्यालयहरूले चर्को शुल्कमा घोकन्ते शिक्षा पढाउने भएका कारण जताबाट पनि विद्यार्थीहरूलाई नै हानी हुने गरेको पाइन्छ। नेपालको शिक्षा प्रणालीबाट शिक्षा नीतिमा

गम्भीर प्रश्न उठेको पाईन्छ। नेपाली शिक्षा प्रणाली यसरी ध्वस्त भएको छ की यहाँका शिक्षक, विद्यार्थी र अभिभावक सबैले माक्स मात्र हेर्ने गर्दछन्। छोरा-छोरीहरूले जिवन उपयोगी हुने के सिके भने पनि फलानाका छोराछोरीहरूले कति माक्स ल्यायो भन्ने कुरामा मात्र ध्यान केन्द्रित भएको पाईन्छ।

राम्रो माक्स नल्याए भने आमा बुवाहरूलाई लाग्ने गर्छकी उनिहरूले अपराध नै गरे जस्तो र विद्यार्थीहरूबाट धेरै दुर्घटना निम्त्याएको पनि पाइन्छ। हुँदाहुँदा नेपालमा अहिले यो कुरा प्रवृति नै चलिरहेको जस्तो पाइन्छ। यस कारण धेरै विद्यार्थीहरूले आत्महत्या समेत गरेको पाइन्छ। नेपालको शिक्षा नितिका कारण दिनहुँ विद्यार्थीहरू उच्च शिक्षाका लागि भनि विदशे गईरहेका छन्। हामीले यस किसिमका समस्या र कारणहरूलाई नितिगत रुपमा विश्वव्यापी शिक्षा नीति अपनाउन अत्यन्तै जरुरी भएको पाइन्छ। व्यवहारिक शिक्षा नीति, अनुभव शिक्षा नीति साथै उन्मुख कार्यक्रमहरू, एग्रोटेकजस्ता कार्यक्रमहरू कक्षा पाँच, कक्षा ६ बाट नै सुरु गर्न जरुरी छ र यसको कार्यान्वयन गर्नका लागि आन्तरिक परिक्षाहरू पूर्ण रुपमा व्यवहारिक आधारमा हुन जरुरी छ।

सरकारले सानै कक्षाबाट व्यवसायिक कार्यक्रमहरू अपग्रेड गर्न सक्यो भने पक्कै पनि परिर्वतन आउन सक्छ। हामीले यो बुझ्न जरुरी छ कि कागजी अंकले मात्र उज्वल भविष्य कोर्न सक्दैनौ। कागजी अंकले हामीलाई कर्मचारी भन्दा माथिको अवसर दिन सक्दैन। यहि शिक्षा नीतिले गर्दा अहिलेसम्म नेपालमा १० लाख भन्दा बढि विद्यार्थीहरू बाहिरिएको पाइन्छ। त्यसैले दक्ष जनशक्ति बिना देशको विकास असम्भव नै देखिएको उदारणहरू प्रसस्तै पाइन्छन्। देश अनि राम्रो भविष्यको लागि नै राम्रो शिक्षा अनि नीति।

*गोविन गुरुङ*
*पूर्व सचिव, संखुवासभा तमु सेवा समिती*

# भावपूर्ण श्रद्धाञ्जली

**संखुवासभा जिल्ला मकालु गाउँपालिका वडा नं २ सेदुवा निवासी वि.सं. २००४ मा जन्मनु भएका हाम्रा स्मरणिय ममतामयी माताश्री पदम कुमारी गुरुङको वि. सं. २०८० असार २७ गते ७६ बर्षको उमेरमा असामयिक निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको लागि प्रार्थना गर्दै दोस्रो वार्षिकीको पुन्यतिथिमा हामीलाई सान्त्वना दिनुहुने सम्पुर्ण आफन्तजनहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं।**

**जन्म**
वि. सं. २००४/१०/४



**स्वर्गारोहण**
वि. सं. २०८०/३/ २७

## स्व. पद्मकुमारी गुरुङ

**छोराहरू : तोरण गुरुङ, घनश्याम गुरुङ, देवराज गुरुङ**
**बुहारीहरू: वेलमाया गुरुङ, मिना दनुवार, छोरीहरू : कर्णकुमारी गुरुङ, रामकुमारी गुरुङ, नातिहरू ४ जना, नातिनीहरू ३ जना**

# भावपूर्ण श्रद्धाञ्जली

संखुवासभा जिल्ला मकालु गाउँपालिका वडा नं ४ ढाँणेनी निवासी वि.सं. २०२५ मा जन्मनु भएका मेरो श्रीमान् **चन्द्रबहादुर गुरुङ**को वि. सं. २०८० असार ४ गते ५५ बर्षको उमेरमा असामयिक निधन भएकोमा दिवंगत आत्माको चीरशान्तिको लागी प्रार्थना गर्दै हामीलाई सान्त्वना दिनुहुने सम्पुर्ण आफन्तजनहरूमा हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

जन्म
वि. सं. २०२५/०६/०३



स्वर्गारोहण
वि. सं. २०८०/०४/ १३

## स्व. चन्द्रबहादुर गुरुङ

श्रीमती : टिकामाया गुरुङ

छोरा : अरविन गुरुङ, छोरी : एविना गुरुङ


हाम्रो पौरख, हाम्रो गौरब ।
ताजा चिया, अर्गानिक चिया ।।

बाबुराम / मीरा गुरूङ
९८५११९१६६२, ९८४१७५०४६४

# चिचिला चिया
## Chichila Chiya

## चिचिला अर्गानिक चिया उत्पादन कृषि फार्म
## Chichila Organic Tea Manufacture Agriculture Farm

**WE GROW/SUPPLY:**
**Green Mint. Tulsi, Lemon Grass, Cardamom, Tea of Organaic farms.**



Chichila Rural Municipality, Ward no. 4, Kagate, Sankhuwasabha, Contact: 9849083957, 9742013354

चिया बनाउने भाँडा टि पट तथा चिया कपहरु पनि उपलब्ध छ।

# नेपालको पर्यटन क्षेत्रमा सम्भावना



■ बाबुराम गुरुङ

पर्यटन भन्नाले देशी तथा विदेशीहरू एक ठाउँ देखी अर्को ठाउँ फरकफरक उद्देश्यहरू लिएर गरिने यात्रा हो भनेर बुझ्ने गरिन्छ। विश्वभरी पर्यटन क्षेत्रबाट लोभलाग्दो आय आर्जन गर्ने गर्दछ। सेवा सुविधाको आधारमा पर्यटकहरू मार्फत व्यवसायीहरूले आय आर्जन गर्ने गर्दछन्। सिंगापुर, थाईल्याण्ड, हङकङ, ताईवानजस्ता धेरै देशहरूको मुख्य आय आम्दानीको आधार पर्यटन रहेको पाउन सकिन्छ। विविधताले भरिएको संसार पर्यटकको रुपमा छानी छानी स्थलगत अवलोकन गर्न गरिने घुमफिर, यात्रा, सयर पर्यटन हो। सांस्कृतिक, धार्मीक, साहसिक, कृषि जस्तो विभिन्न विषयहरूमा ईच्छा अनुरुप अध्ययन, अवलोकनका साथ रमाईलोको लागी डुल्न घुम्न आउने जाने मानिसहरूलाई पर्यटक भनेर चिनिने गर्दछ।

